का.जि.प्र.का.द.नं. १००/०५९/६०

१२ माघ २०८०,
शुक्रबार
26 January 2024,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३५२ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

# गठबन्धनमा अन्तरघात

# एमालेको अप्रत्याशित नतिजा

सातै प्रदेशमा स्पष्ट बहुमतको मतभार भएता पनि चुनावी परिणामले एमालेको उपस्थिति आफ्नो हैसियतभन्दा केही बढी सबैतिर देखिएको छ । कोशी प्रदेशमा गठबन्धनकै मत तानेर रुक्मिणी कोइराला विजयी भइन् । यो एमालेको अप्रत्याशित नतिजा भएको गठबन्धनका नेताहरु बताउँछन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ माघ

राष्ट्रिय सभा सदस्यमा १९ जना नयाँ अनुहार आएका छन् । दुई/दुई वर्षमा एक तिहाइ सदस्यको चुनाव हुने प्रणाली अनुसार आगामी फागुन २० गते पदावधि सकिएर २० जना विदा हुँदैछन् । त्यसमध्ये १९ सिटका लागि बिहीबार चुनाव भएको हो ।

बागमती प्रदेशमा ४, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशमा ३/३ तथा कोशी प्रदेश, मधेश प्रदेश र लुम्बिनी प्रदेशमा २/२ जना राष्ट्रियसभा सदस्यका लागि चुनाव भएको हो । कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी र जनता समाजवादी पार्टीले गठबन्धन बनाएर चुनाव लडेका थिए । एमालेले कोशी प्रदेशमा राप्रपासँग तालमेल गरेको थियो ।

तालमेल र गठबन्धन समेतको मत तानेर एमालेले कोशी प्रदेशबाट एक सिटमा जित हात पारेको छ । बाँकी १८ सिटमा गठबन्धनका उम्मेदवार विजयी भएका छन् ।

कोशी प्रदेशबाट कांग्रेसका कृष्ण सिटौला र एमालेकी रुक्मिणी कोइराला निर्वाचित भए । मधेश प्रदेशबाट कांग्रेसका आनन्दप्रसाद ढुंगाना र जसपाकी पूजा चौधरी विजयी भए ।



बागमतीबाट कांग्रेसका जीतजंग बस्नेत र विष्णुदेवी पुडासैनी, माओवादी केन्द्रका श्रीकृष्ण अधिकारी र नेकपा एकीकृत समाजवादीका घनश्याम रिजाल निर्वाचित भए । गण्डकीमा भएको ३ सिटको निर्वाचनमा कांग्रेसका किरणबाबु श्रेष्ठ, पदमबहादुर परियार र माओवादीकी मनरुपा शर्मा चुनिए ।

लुम्बिनी प्रदेशबाट महिलातर्फ कांग्रेसकी विष्णुकुमारी सापकोटा र अन्य तर्फ माओवादी केन्द्रका झक्कुप्रसाद सुवेदी निर्वाचित भए । कर्णाली प्रदेशबाट नेकपा एकीकृत समाजवादीकी सावित्री मल्ल, माओवादीका विष्णु विक विकल्प र कांग्रेसका कृष्णबहादुर रोकाया निर्वाचित भए ।

सुदूरपश्चिम प्रदेशबाट महिलातर्फ माओवादीकी रेणु चन्द, अपांगतातर्फ कांग्रेसका नारायण भट्ट र अन्यतर्फ कांग्रेसकै बलदेव बोहरा विजयी भए ।

### बदलियो अंक गणित

बिहीबार १९ सिटका लागि भएको राष्ट्रिय सभाको चुनावमा कांग्रेका १० जना निर्वाचित भए । माओवादी केन्द्रका ५, एकीकृत समाजवादीका दुई र जनता समाजवादी पार्टीका एक जना निर्वाचित भए । यो चुनावी परिणामले राष्ट्रिय सभामा रहेको दलीय समीकरण फेरिएको छ ।

यसअघि राष्ट्रिय सभामा कांग्रेसका १० सांसद थिए । जसमा ४ जना फागुन २० गते बिदा हुँदैछन् । बाँकी रहेका ६ जनामा बिहीबार १० जना थपिएपछि राष्ट्रिय सभामा कांग्रेस १६ सिटसहित दोस्रो ठूलो दल बन्न पुगेको छ ।

माओवादी केन्द्रका ५ जना निर्वाचित भएका छन् । माओवादीबाट हाल उपाध्यक्षसहित १५ जना छन् । ३ जना फागुन २० मा बिदा हुँदैछन् । थप ५ जना निर्वाचित भएकाले राष्ट्रिय सभामा माओवादी केन्द्र १७ सिटसहित सबैभन्दा ठूलो दल भएको हो ।

हाल सबैभन्दा ठूलो दल रहेको भएता पनि अब राष्ट्रिय सभामा एमाले तेस्रो दल बन्नेछ । पदावधि पूरा हुने राष्ट्रिय सभाका २० सदस्यमध्ये ९ जना एमालेका परेका छन । जसमा निर्वाचित ८ जना हुन भने एक जना राष्ट्रपतिले मनोनीत गरेका सांसद छन् । निर्वाचित र मनोनित समेत गरी ९ सांसद घट्दा एमालेका एक सांसद मात्रै नयाँ अनुहार आएका हुन् । फागुन २० पछि राष्ट्रिय सभामा एमाले १० सिटसहित तेस्रो दलका रहने भएको हो ।

हाल एकीकृत समाजवादीका ८ जना छन् । दुई जना फागुनबाट बिदा हुँदै गर्दा बिहीबार नयाँ दुई जना निर्वाचित भएकाले उसको सांसद संख्या तलमाथि भएन ।

जसपाकी प्रमिलाकुमारी यादवको कार्यकाल २० फागुनमा सकिँदैछ । बिहीबार एक जना निर्वाचित भएर पृष्ठ २ मा


# शक्तिमा फर्किए सिटौला

गिरिजाप्रसाद कोइरालाको सक्रिय राजनीतिक जीवनको पछिल्लो दशकमा उनका विश्वासपात्र रहेका सिटौला लामो समय सत्ता राजनीतिको केन्द्रमा रहे । तर २०७४ र २०७९ को प्रतिनिधि सभा चुनावमा झापामा राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनसँग हारेपछि किनारामा धकेलिएका थिए ।

**शिव वि.क/मध्यान्ह**
काठमाडौं, ११ माघ

राष्ट्रिय सभा सदस्यमा विजयी भएसँगै कांग्रेसका कृष्णप्रसाद सिटौला नेपाली राजनतिको शक्तिमा फर्किएका छन् । राष्ट्रिय सभा अध्यक्षको रुपमा हेरिएका सिटौलाले बिहीबार भएको निर्वाचनमा एमाले-राप्रपा गठबन्धनबाट उम्मेदवार भएका उद्धव पौडेललाई पराजित गरे ।

प्रतिनिधि सभा चुनावमा दुई पटक हारेपछि संसदीय भूमिकाबाट टाढिएका कांग्रेस नेता सिटौला बिहीबार भएको राष्ट्रिय सभा चुनावमार्फत पुनः संसदीय भूमिकामा फर्केका छन् ।



गिरिजाप्रसाद कोइरालाको सक्रिय राजनीतिक जीवनको पछिल्लो दशकमा उनका विश्वासपात्र रहेका सिटौला लामो समय सत्ता राजनीतिको केन्द्रमा रहे । तर २०७४ र २०७९ को प्रतिनिधि सभा चुनावमा झापामा राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनसँग हारेपछि किनारामा धकेलिएका थिए ।

कुनैबेला आफूलाई सत्ता राजनीतिको माहिर खेलाडी सावित गरिसकेका सिटौलाको आगामी भूमिकाले पार्टीको आन्तरिक जीवनमा प्रभाव पार्ने कांग्रेस नेताहरू बताउँछन् ।

सिटौलाले उम्मेदवारी दर्ता गरेकै दिन विराटनगरमा नेता शेखर कोइराला र महामन्त्री विश्व प्रकाश शर्माले भनेका थिए, 'उहाँको योगदान र समन्वयकारी छविकै कारण राष्ट्रिय सभाको नेतृत्व गर्न कांग्रेसले उहाँलाई अघि बढाएको हो ।'

यसअघि संसदीय अवसर नपाएकालाई प्राथमिकता दिने निर्णय केन्द्रीय समितिले गर्दा पनि शेखर-गगन समूहदेखि महामन्त्री शर्मा सबैले सिटौलालाई उम्मेदवारबनाउने सवालमा विरोध गरेनन् । संस्थापन इतरका यी तीनै जना नेता बरू सिटौलाको चुनावी अभियानमा सक्रिय रूपमा सामेल रहे ।

झापा-३ मा पछिल्ला दुई निर्वाचनमा राप्रपा अध्यक्ष लिङ्देनबाट पराजय व्यहोरेका सिटौला सत्ता गठबन्धनको अनुकूल गणितका कारण पृष्ठ २ मा

# स्वतन्त्रले गरे बहिष्कार

२०७९ को स्थानीय तहको चुनावमा स्वतन्त्र उम्मेदवार भइ विजयी भएका केही पालिका प्रमुखहरुले राष्ट्रिय सभाको चुनाव नै बहिष्कार गरे ।

काठमाडौं महानगरपालिकाकी उपमेयर सुनिता डंगोल मतदानका लागि मकवानपुरको हेटौंडा पुगिन् । तर, काठमाडौं महानगरका मेयर बालेन्द्र शाह भने मतदान गर्न गएनन् । धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङ र धनगढी उपमहानगरपालिकाका प्रमुख गोपाल हमाल (गोपी)ले पनि निर्वाचन बहिष्कार गरे ।







यी तीनै जना गएको स्थानीय तह निर्वाचनमा स्वतन्त्रबाट निर्वाचित भएका थिए । बालेनको बागमती, हर्कको कोशी र गोपी हमालको निर्वाचन क्षेत्र सुदूरपश्चिम रहेको थियो । बालेनले यसअघि ४ मंसिर २०७९ मा सम्पन्न प्रदेश सभा चुनावमा समेत मतदान गरेका थिएनन् । त्यसबेला उनले प्रदेश सभा संरचनालाई मान्यता नदिन खोजेको वा संवैधानिक व्यवस्थाको विरोध गरेको भनि आलोचना खेपेका थिए । यसपटक राष्ट्रिय सभाको चुनावमा पनि उनले मतदान गरेनन् ।

## वैदेशिक रोजगार विशेष

# परराष्ट्रमन्त्रीद्वारा श्रमसँग समन्वय भइरहेको स्पष्टोक्ति

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ माघ

परराष्ट्रमन्त्री एनपी साउदले वैदेशिक रोजगार क्षेत्रका समस्या समाधानका लागि परराष्ट्र मन्त्रालयले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग समन्वय गरिरहेको जानकारी दिएका छन् । वैदेशिक रोजगारको मागपत्र प्रमाणीकरण अनावश्यकरुपमा ढिलाइ भएको र मलेसियामा नेपाली कामदारको कल्याणकारी कामका लागि भन्दै ४५ अमेरिकी डलर उठाउने विषय सार्वजनिक भएपछि ती विषयमा परराष्ट्र मन्त्रालय तथा श्रम मन्त्रालयका बीचमा प्राथमिकता र दृष्टिकोणमा एकरुपता देखिएको छैन ।

परराष्ट्र मन्त्रालय मातहत रहेका कूटनैतिक नियोगहरुले समयमा मागपत्र प्रमाणीकरण नगरिदिँदा नेपाली कामदारका लागि आउने युरोपेली देशहरुको आकर्षक रोजगारीको अवसर मात्रै नभइ खाडी मुलुकको रोजगारीको अवसर पनि गुमिरहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गुनासो रहँदै आएको छ ।

श्रम मन्त्रालयको पहलले मात्रै समस्याको समाधान नभएपछि संघले परराष्ट्रमन्त्री साउदलाई भेटेर मागपत्र प्रमाणीकरण सम्बन्धमा रहेका समस्या, महिला कामदार पठाउन श्रम स्वीकृति दिने र विदेशमा संरक्षण दिने सम्बन्धमा रहेका समस्या, दक्षिण कोरियामा ई ७ भिसा र इजारायलमा कामदार पठाउन पाउन पाउनुपर्ने विषय, जापान रोजगारका सम्बन्धमा लामो समयदेखि थाती रहेका समस्यासहित साउदी अरबमा कामदार पठाउन उत्पन्न समस्या सम्बन्धमा ध्यानाकर्षण गराएको महासचिव मेघनाथ भुर्तेलले जानकारी दिए ।

श्रम मन्त्रालयले विदेशस्थित नेपाली दूतावास र महावाणिज्यदूतावासले मागपत्र प्रमाणीकरण नगरिदिँदा नेपाली कामदारको रोजगारीको अवसर गुमेको भन्दै वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ र स्वीकृत गर्ने कार्यविधि २०८० जारी गरेर मागपत्र प्रमाणीकरण गर्ने बताएको थियो । तर मागपत्र प्रमाणीकरण शुरुवात गर्दा परराष्ट्र मन्त्रालय रिसाउने र अन्य मामिलामासमेत उसले असहयोग गर्न सक्ने त्रासले श्रम मन्त्रालयले मागपत्र प्रमाणीकरण गर्ने साहस निकाल्न सकेको छैन ।

संघले श्रम मन्त्रालयले हालै जारी गरेको वैदेशिक रोजगारसम्बन्धी पृष्ठ २ मा

## मलेसियामा विदेशी कामदारको स्वास्थ्य परीक्षण शुल्क वृद्धि

**काठमाडौं/मस–** मलेसियामा विदेशी कामदारको स्वास्थ्य परीक्षण गर्ने विषयमा आन्तरिक असमझदारी बढेको छ । मलेसियन उत्पादकहरुको महासंघ (एफएमएम)ले आप्रवासी कामदारहरुका लागि आवश्यक पर्ने चिकित्सा परीक्षणको शुल्क वृद्धि र अन्य परिवर्तन चिन्ताजनक भएको बताएको छ । मलेसियामा स्वास्थ्य मन्त्रालयको एजेन्सीका हैसियतले फोमेमाले विदेशी कामदारको स्वास्थ्य परीक्षण गर्ने गरेको छ ।

फोमेमाले विदेशी कामदारको स्वास्थ्य परीक्षण शुल्क १४ देखि १५ प्रतिशतले वृद्धि गरेको छ । एफएमएमले स्वास्थ्य परीक्षण शुल्क वृद्धिले रोजगारदाताहरुलाई वार्षिक १२४ दशमलव २ मिलियन मलेसियन रिँगेट खर्च थप गरेको दाबी गरेको छ ।

मलेसियामा वार्षिक ६ लाख विदेशी पृष्ठ २ मा

## इराकमा नेपाली राहदानी नवीकरण शिविर सञ्चालन हुने

**चन्द्र गोतामे/मध्यान्ह**
कुवेत, ११ माघ

कुवेतस्थित नेपाली दूतावासले इराकमा राहदानी नवीकरण शिविर सञ्चालन गर्ने भएको छ । इराकमा रहेका नेपाली नागरिकहरुको समस्यालाई मध्यनजर गर्दै नेपाली दूतावास कुवेतले पहिलो पटक इराकमा राहदानी नवीकरण शिविर सञ्चालन गर्न लागेको हो ।

इराकमा हाल १५ पृष्ठ २ मा



## गठबन्धनमा...

आएकाले जसपाको राष्ट्रिय सभामा उपस्थिति यथावत छ ।

राष्ट्रपतिबाट मनोनित विमला राई पौड्यालको कार्यकाल सकिँदैछ । यो ठाउँमा जनमोर्चाकी दुर्गा पौडेललाई ल्याउने सत्ता गठबन्धनको तयारी छ । यसो भएमा राष्ट्रिय सभामा जनमोर्चाका दुई सांसद हुनेछन् ।

लोसपाको पनि एक जना सांसद राष्ट्रिय सभामा छन् । यसरी माथिल्लो हाउसमा सात दलको उपस्थिति रहेको छ ।

## शक्तिमा..

राष्ट्रिय सभातिर लम्किएका थिए । २०४८ यता संसदका हरेक निर्वाचन लड्दै आएका उनी २०७० सम्मको निर्वाचनमा  एउटा निर्वाचनमा जित र अर्कोमा हार सहँदै आएका नेता हुन् । २०७४ यता भने उनको राजनीतिक उपलब्धिको खाताबाट जित गायब थियो ।  राष्ट्रिय सभा निर्वाचनले उनको त्यो हार यात्रामा ब्रेक लगाइदिएको छ ।

माओवादीका नेताहरुका अनुसार कांग्रेसबाट निर्वाचित कृष्ण सिटौला सरकारमा जान पनि सक्छन् । यो अवस्थामा नहुँदा माओवादी अध्यक्ष नलिन लचक हुनेबारे शीर्ष तहमा छलफल चलेको आफूले सुनेको बताउँछन् राष्ट्रिय सभामा माओवादीका सचेतक गोपी अछामी ।

'माओवादी संवैधानिक परिषदमा शून्य हुने अवस्था आउन सक्ने अवस्था बन्न सक्छ । त्यसका लागि तयार हुनुपर्ने पक्ष एउटा छ । तथापि, सिटौलाको हकमा लचक हुने भन्ने भएको सुनिएको    छ, सचेतक अछामीले भने ।

सत्ता गठबन्धनमा प्रधानमन्त्री आलोपालो गर्ने सहमति भएको नेताहरु बताउँछन् । त्यस अनुसार प्रचण्डले प्रधानमन्त्री छाड्दा संवैधानिक परिषदमा आफ्नो दलको उपस्थिति नरहने चिन्ता माओवादी नेताहरुमा छ ।

संवैधानिक निकायका पदाधिकारीहरु नियुक्ति सिफारिस गर्ने ६ सदस्यीय परिषदमा राजनीतिक पृष्ठभूमिका सदस्यहरूमा प्रमुख विपक्षी दलको नेता, सभामुख, राष्ट्रिय सभाको अध्यक्ष र उपसभामुख रहने संवैधानिक व्यवस्था छ ।

हाल कांग्रेसको परिषदमा नरहेको र भविष्यमा माओवादीको नरहन सक्ने अवस्था समान भएको तर्क कांग्रेस नेताहरुको छ । उनीहरु कृष्ण सिटौला अध्यक्ष हुने गरी नै राष्ट्रिय सभामा आएको बताउँछन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नै सिटौलाको पक्षमा सकारात्मक भएकाले थप समस्या नहुने राष्ट्रिय सभामा कांग्रेसको संसदीय दलकी सचेतक अनिता देवकोटाको बुझाइ छ । उनी भन्छिन्, 'राष्ट्रिय सभाको अध्यक्षमा सिटौला दाइको नाम गठबन्धनभित्र टुंगो लागेको भन्ने मेरो बुझाइ छ ।'

## परराष्ट्रमन्त्रीद्वारा...

मागपत्र जाँचबुझ र स्वीकृत गर्ने कार्यविधि २०८० अनुसार नेपाली दूतावास र महावाणिज्यदूतावासले १५ दिनभित्र प्रमाणीकरण नगरेका मागपत्र प्रमाणीकरण गर्न परराष्ट्र मन्त्रालयले सहयोग र समन्वय गरिदिनुपर्ने माग परराष्ट्रमन्त्री साउदसँग राखेको पनि महासचिव भुर्तेलले बताए ।

जवाफमा मन्त्री साउदले श्रम मन्त्रालयसँग समन्वय गर्नुपर्ने विषय थपिँदै गएको भन्दै श्रम मन्त्रालयसँग समन्वय गरी काम गर्न छुट्टै शाखा नै स्थापना गरिएको जानकारी व्यवसायीलाई दिएको महासचिव भुर्तेलले जानकारी दिए ।

मलेसियामा...

कामदारको स्वास्थ्य परीक्षण हुने गरेको छ । स्वास्थ्य परीक्षण शुल्क बढेर पुरुषका लागि २ सय ७ रिँगेट र महिलाका लागि २ सय १७ रिँगेट पुगेको छ ।

फोमेमाले अबदेखि एचआईभी, हेपाटाइटिस बी, सिफिलिस, गर्भावस्था, ओपिएट्सको अतिरिक्त फाइलेरियासिस, हेपाटाइटिस सी र मेथाम्फेटामिन रोग परीक्षण गरिने बताएको छ । रोजगारदाताहरुले स्वास्थ्य परीक्षणको संख्या वृद्धिमा पनि असहमति जनाएका छन् ।

## इराकमा..

हजारको हाराहारीमा नेपाली नागरिक रहेको दूतावासका प्रथम सचिव प्रेमराज गौतमले जानकारी दिए ।

नेपाली दूतावास कुवेतले त्यहाँ रहेका नेपालीलाई लक्षित गरी फेब्रुअरी २ देखि ७ तारिकसम्म इराकको सुलेमानिया सौलाखा अरबिल अन्कावामा राहदानी नवीकरण शिविर सञ्चालन गर्न लागेको हो ।

राहदानी नविकरणको सेवा लिन चाहने नेपाली नागरिकहरुले आफ्नो सक्कल राहदानी, नागरिकताको प्रतिलिपि, राहदानीको प्रिइनरोलमेन्ट फारम, नवीकरण दस्तुर १६ के.डी. र राहदानी हराएको/बिग्रेको भएमा ३२ के.डी. राजस्वसहित उपस्थित हुनुपर्ने दूतावासले जनाएको छ ।

इराकमा रहेका नेपालीहरु राहदानी नवीकरणका लागि कुवेत आउन भिसा लगाउनुपर्ने हुँदा आवतजावतमा समेत समस्या हुने र पहिला मेसिन रिडेबल राहदानी (एमआरपी) हुलाकमार्फत पठाउने गरिएको भएता पनि हाल विद्युतीय राहदानी हुलाकमार्फत पठाउन नमिल्ने भएकाले शिविरको आयोजना गर्न लागिएको प्रथम सचिव गौतमले बताए । इराकमा रहेका नेपाली नागरिकहरुको समस्या कुवेतस्थित नेपाली दूतावासले हेर्दै आएको छ । नेपाली नागरिकहरु इराक जान सरकारले प्रतिबन्ध लगाए पनि अवैध बाटो भएर इराक पुग्ने गरेका छन् । खाडीका अन्य मुलुकमा भन्दा राम्रो तलब सुविधा पाइने इराकको रोजगारीमा जान सहज बनाउनुपर्ने गैरआवासीय नेपालीहरुको माग रहेको छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६९/०६/२१ मा दर्ता भएको **प्रा.लि.नं. १०६५२७** को **त्रिशुली मल्टीपर्पोज एग्रिकल्चर सेन्टर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/१०/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
## डडेल्धुरा अस्पताल, डडेल्धुरा

**सिलवन्दी दरभाउपत्र आह्वानको सूचना**

**(पहिलो पटक सूचना प्रकाशन मिति : २०८०/१०/१२)**

आ.व. २०८०/८१ मा यस डडेल्धुरा अस्पताल, डडेल्धुराको अस्पताल फार्मेसीका लागि आवश्यक औषधी तथा सर्जिकल सामानहरु खरीद गर्नुपर्ने भएकोले, नेपाल सरकारबाट ईजाजत प्राप्त सम्बन्धित कम्पनी, फर्म तथा सप्लायर्सहरुले E-Bid (Sealed Quotation) गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ । सूचनाको विस्तृत विवरण तथा शर्तहरु www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ ।

**मेडिकल सुपरिन्टेन्डेन्ट**

---

## Lumbini Cultural Municipality
**Office of the Municipal Executive**
**Lumbini, Rupandehi**
**Lumbini Province, Nepal**

**Notice for Opening of Financial Propsal**

**Date of Publication : 2080/10/12**

This is to notify all the concerned bidders, who have submitted their bids in response to the notice dated **2080/08/08** for the **Construction of Blacktop Road (Ashphalt Concrete) Kukurbhukka Dekhi Chirpurawa Samma Sadak Nirman, Contract ID: LCM-NCB-03-2080/081,** that the technical bids of the following bidders have been found qualified as per the detailed technical evaluation criteria set forth in the bidding document. Financial proposals of all the technically qualified bidders will be opened on the day, time and venue as mentioned below. Persuant to Sub Clause 31(Nga)5 of Public Procurement Rule 2064, all the concerned bidders are informed to attend the opening of the financial proposals.

| S. N. | Name of Technically Qualified Bidders | Date, Time and Venue for Opening of Financial Proposals |
|---|---|---|
| 1. | M/S Asiyali Construction & services, Siddharthanagar-9, Rupandehi | Date: 2080/10/19<br>Time: 12.00 Hrs<br>Venue: Lumbini Cultural Municipality Office, Rupandehi |
| 2. | M/S Sujal-Ojash-Patel J.V, Lumbini Cultural Municipality-10, Rupandehi | |
| 3 | M/S UNITED/DHOOM JV, Dullu-5, Dailekh | |
| 4 | M/S MR-SAINAMAINA JV, Sainamaina 4 | |
| 5 | M/S Aalija-Himsikha-Unique JV, Lu.Sa.Na.Pa-6,Tenuhawa | |
| 6 | M/S Royal and Dubeji JV, Lumbini Cultural Municipality-13, Odwaliya | |

**Chief Administrative Officer**

---

## Khajura Rural Municipality
**Office of the Rural Municipal Executive**

**Invitation for Bids**

**First Date of Publication: January -26, 2024 (2080/10/12)**

1. Khajura Rural Municipality, Office of Rural Municipal Executive has allocated funds towards the cost of Construction of following Contracts stated in table below and intends to apply part of the funds to cover eligible payments under the Contract for Bidding is open to all eligible Nepalese Bidders.
2. KRM, Banke invites sealed bids from eligible bidders for the construction of following projects stated in table, under National Competitive Bidding procedures. Only eligible bidders should participate in the bidding.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Khajura Rural Municipality Telephone No:- 081-560187 or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp
4. Bidder who chooses to submit their bid electronically may download the bidding document for E-submission from PPMO's website www.bolpatra.gov.np/egp. Bidders who submitting their bids electronically, should deposit the cost (as specified below) of bidding document in the rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of Bank Deposit voucher shall be uploaded by the bidder at the time of Electronic submission of bids. To deposit the cost of bidding document in Bank:
   **Name of the Bank : NIC ASIA Khajura Banke**
   **Name of Office : Khajura Rural Municipality Khajura, Banke**
   **Office Code no : 801055703**
   **Office Account no : Ga.1.1(1112051498621003) Antarik Rajaswa Khata**
5. Electronic bids must be submitted through PPMO's website www.bolpatra.gov.np/egp on before 12:00 Noon February -25, 2024 (2080/11/13). Bids received after this deadline will be rejected.
6. Prebid meeting shall be held at Khajura Rural Municipality, Khajura Banke at 12:00 Noon (2080/10/23), February -06, 2024.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at February -25, 2024 (2080/11/13) at 14:00 Hours at the office of KRM, Banke. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of bid security in pdf format in case of E-bid amounting to a minimum as specified in table as follows, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If a bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in the name of the : NIC ASIA Banke Khajura
   Name of the Office: Khajura Rural Municipality Khajura, Banke
   Office Account no: ga.3. (B141498621524004) (DharautiKhata) and the receipt voucher of the deposited amount of cash should be submitted along with the bids.
9. The summary of different Contracts are given below:

| S. No. | Contract Number | Contract Name | Estimate Amount Without VAT, PS & Contingencies | Bid Security (NRs) | Price of Bidding Document |
|---|---|---|---|---|---|
| 1 | KRM/NCB/ WORKS/14/2080-81 | Ward no. 2 ma sahid Smriti Park Nirman | 46,51,951.51 | 1,37,000 | 3,000.00 |
| 2 | KRM/NCB/ WORKS/15/2080-81 | Bidhut pol tar tatha marmat | 18,93,880.01 | 57,000 | 3,000.00 |

**Chief Administrative Officer**

---

## Melung Rural Municipality
## Office of Rural Municipal Executive
**Bhedapu, Dolakha**

**INVITATION FOR BIDS**

**First Date of Publication: 2080-10-12 (2024-01-26)**

1. Melung Rural Municipality, office of Rural Municipal Executives, Bhedapu, Dolakha has allocated funds for following works and invites open  national competitive bidding. This notice is published as per Public Procurement Act, 2063 (14) sub- section (1) and Public Procurement Rule, 2064 (49 Ka) for all eligible bidders.

| S. N. | Contract ID | Name of Project | Estimated Cost (inclusive VAT) | Min. Bid Security Amount (NRs) | Fee for Bid Documents (NRs) | Submission of Bid (Date, Time) | Opening of Bid (Date, Time) |
|---|---|---|---|---|---|---|---|
| 1 | MRM-B -02-W-NCB -2080/81 | Ward karyalaya Bhawan & Dandakharka Swasthya Chauki Bhawan Nirman,Ward No. 5 | 19, 32,178.20 | 45,000 | 3,000 | 2080-11-13 (2024-02-25), 12:00 hours | 2080-11-13 (2024-02-25), 14:00 hours |
| 2 | MRM-B -03-W- NCB -2080/81 | Kalichaur Samudayak Bhawan Nirman & Magar Samudayak Bhawan Nirman | 10,62,530.83 | 27,000 | | | |

2. Bidders shall have the option of submitting their bids electronically. For further details regarding the notice of Invitation for Bids, interested Bidders are requested to visit the notice board or website of Melung Rural Municipality (melungmun.gov.np), Bhedapu, Dolakha or the PPMO's Website http://www.bolpatra.gov.np/egp
3. Matters not covered in this notice shall be in accordance with prevailing rules and regulations of GoN.
4. Any amendment in the tender notice shall be posted in the notice board of the Melung Rural Municipality and PPMO's website: www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

---


## OMAN मा रोजगारको अवसर | कम्पनी : Golden Berry. शहर: BOUSHER

पूर्व स्वीकृत मितिः २०८०/१०/११ चलानी नं.: ६०२१३७४६ LT. No.: 298750

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook General | 1 | 0 | सम्बन्धित काममा दक्ष | 160 | ५५,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालयमा २०८० माघ १९ गते (2 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Aslesha International Pvt. Ltd.** श्रम इजाजत नं. १४०२/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-4016608, 4016608, Mob: 9818330451,9815926684, 9808156040 | Email: aslesha.intl@gmail.com, aslesha.international@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी :CONSTRUCTION LABOUR EXCHANGE CENTER BERHAD शहर:Malaysia
पुर्व स्वीकृत मितिः २०८०/१०/११ चलानी नं.: ६०२१३७२२ LT. No.: 298735

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 200 | 0 | स. काममा दक्ष | 1500 | ४२,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |


**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १९ गते (2 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Empower Human Resources Management Pvt. Ltd** Gov. Lic No. 1150/073/074
Sinamangal -9, Near by  Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4599445
Mobile No: 9823040845 , 9814048926, 9802340417, 9818766422, 9843524997, 9851049746
Butwal Branch : 9851178901, Jhapa Branch : 9806080426, Chitwan Branch: 9855616639

# प्रा.डा. दाहालको कृतिमाथि अन्तरसंवाद



**काठमाडौं/मस–** प्राध्यापक डाक्टर रामप्रसाद दाहालको १७ औं कृति ‘ बोल्दैन फोटो’ माथि अन्तर संवाद गरिएको छ । मातृशती बचत तथा ऋण सहकारी संस्थाले आफ्नो १५ औं स्थापन दिवसको अवसरमा कृतिमाथि अन्तरसंवाद गरिएको हो । विभिन्न सहभागी महानुभावहरुले उठाएको जिज्ञासा र प्रश्नहरुलाई कृतिका लेखक प्राध्यापक डा.दाहालले सविस्तार व्याख्या गर्दै उत्तरहरु दिएका थिए ।

सोलुखुम्बुको खुम्बु क्षेत्र कालापत्थर, फेरिचे, नाम्छे, लुक्ला क्षेत्रमा विशेष केन्द्रित यस कृतिले शेर्पा संस्कृति, पर्यटन प्रवर्द्धन, पर्यटकका जीवनशैली, माया प्रेमलाई देखाएर सुन्दर र कलात्मक रुपमा चित्रण गरिएको एक उत्कृष्ट कृतिको रूपमा चर्चा गरिएको थियो । सलल बगेको भाषा शैलीमा लेखिएको यो कृति जति पढेपनि पढिरहुँम जस्तो लाग्दछ भनेर सहभागीहरुले बताएका थिए । साहित्यकार, वडा सदस्य टेकराज अधिकारी, रचना सुनम, निर्माण व्यावसायिक कमला काफ्ले, मातृशतीकी संस्थापक अध्यक्ष सीता भट्टराई, मिठू श्रेष्ठ लगायतले सहकारीको योगदान र स्थापना दिवसको चर्चा गरेका थिए । कार्यक्रमको प्रमुख अतिथि प्राध्यापक डा. डाक्टर वरिष्ठ साहित्यकार रामप्रसाद दाहाल लगायतले स्थापना दिवसको अवसरमा केक काटेर कार्यक्रमको आरम्भ गरिएको थियो ।

# उदयपुरको चौदण्डीगढीमा हात्ती आतंक

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ११ माघ

उदयपुरमा हात्तीले आतंक मच्चाएको छ । चौदण्डीगढी नगरपालिका -५ सिबाई र बेल्हा बस्तीमा हात्तीको आतंक बढ्दै गएको हो ।

बिहीबार बेल्हाका स्थानीय छेवल चौधरीको घर दुई हात्तीले भत्काएर ढुकुटीको धान समेत नष्ट गरिदिएको बेल्हा आधारभूत विद्यालयका प्रधानाध्यापक भास्कर चौधरीले बताए ।

चौधरीको अनुसार यस क्षेत्रमा हरेक वर्ष जंगली हात्ती आएर स्थानीयलाई आतंक मच्चाएर त्रसित बनाउनुका साथै धन सम्पत्तीको क्षति समेत पुऱ्याउँदै आएको जाछ । हात्ती आतंकबाट बच्न र रोकथामका लागि वडाभरी विद्युतीय तार राख्न सुझाव दिइएको वडा अध्यक्ष तुलसीराम ढकालले जानकारी दिए । ढकालको अनुसार स्थानीय निवासीको ५ वटा घरमा क्षति गर्नुका साथै सिवाई माध्यमिक विद्यालयको अनुमानित ५० मिटर घेराबेरा भत्काएको जानकारी दिए । सो घटनामा कुनै मानवीय क्षति नभएको जनाइएको छ ।

**Vacancy Annoucement**

One of the Reputed Manpower Agency in Kathmandu is seeking for following applicant.

Public Realation Officer (PRO) : 2 (Male)

**Requirements:**
Minimum 2 Years of Experienced in Manpower fields.
Candidates must Know about Saudi Arabia & Malaysia Field.

Drop your CV on : classicoverseas@gmail.com

Attractice salary for the deserving candidate.

**क्लासिक ओभरसिज मेनपावर प्रा. लि.**
Govt.Lic. No. 357/059/060
बतिसपुतली-९, गौशला, काठमाडौं, नेपाल, फोन नं. ०१-४५६५७५३, फ्याक्स: ०१-४५६५७५०
Mobile No: 9851034822 | Website: www.classicmanpower.com.np

## जहदा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**मझारे, मोरङ्ग**

### बोलपत्र रद्द गरिएको सूचना

**प्रकाशित मितिः २०८०/१०/१२**

Blacktop Work From Dhuni to Sirsiya, JRM/WORKS/NCB/080/81-04 बोलपत्र मिति २०८०/०८/२९ गते मध्यान्ह (राष्ट्रिय) दैनिकामा सार्वजनिक सूचना प्रकाशन गरेको खरिद प्रकृया गा.पा.को मिति २०८०/१०/०९ को कार्यालयको निर्णयबाट रद्द गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**प्रमुख प्रशासकिय अधिकृत**

## यूएईमा रोजगार
कम्पनी : CAT INTERNATIONAL LIMITED ABU DHABI
शहरः UAE

पूर्व स्वीकृत मितिः २०८०/१०/११ चलानी नं.: ६०२१३७६७ LT. No.: 298789

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Grinderman | 60 | 0 | स. काममा दक्ष | 1000 | ३६,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १९ गते (2 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदारले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | कामदारले व्योहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**बेबी एन्जल इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ९४०/०६७/०६८
Airport ( near prakash sanyash ashram) Kathmandu, Tel : 014561353
Email: babyangelintl@gmail.com, info@babyangelintl.com.np, Website: www.babyangelintl.com.np
Mobile : 9801029271 | 9851002329 | 9851073922 | 9801061546

## यूएई र मलेसियामा रोजगार
कम्पनी: ABBAS SALEM LABOUR SUPPLY LLC
शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०८०/१०/११ चलानी नं.: ६०२१३७५३ L.T. No.: 298796

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,३५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Concrete Mason | 30 | 0 | | 1200 | ४३,३५६ | | | | | | | |
| 3. | Painters | 30 | 0 | | 1200 | ४३,३५६ | | | | | | | |
| 4. | Scaffolder | 30 | 0 | | 1200 | ४३,३५६ | | | | | | | |

मेनपावर अञ्जली टेक्निकल ट्रेनिङ इन्सिच्युट, झापामा मिति २०८० माघ १९ गते (2 February 2024) मा हुनेछ ।
मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ २० गते (3 February 2024) मा हुनेछ ।

२. कम्पनी: SERI EMAS CLEANING SERVICES SDN. BHD. शहर: Malaysia, Penang
पूर्व स्वीकृत मिति: २०८०/१०/११ चलानी नं.: ६०२१३७४७ L.T. No.: 298729

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ १९ गते (2 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/– कामदारले तिर्ने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ कम्पनी प्रा.लि.)
Tel: 4985294 / 4985295, Email: info.royal1034@Gmail.com

## धनपालथान गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**सोराभाग, मोरङ**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना

**(सूचना प्रकाशन मिति २०८०।१०।१२)**

यस धनपालथान गाउँपालिकाको आ.व. २०८०।०८१ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत मिति २०८०।०७।१७ गतेको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित बिधुतिय बोलपत्र आह्वानको सूचना अनुसार तपसीलमा उल्लेखित निर्माण कार्यका लागि रित पुर्वक दर्ता हुन आएका बोलपत्रहरु मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही रहेका बोलपत्रहरु मूल्याङ्कन समितिबाट स्वीकृतीको लागि छनौट भई पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना प्रकाशित गरिएको छ ।

**तपशील:**

| क्र. सं. | ठे.नं. | निर्माण कार्यको विवरण | स्वीकृत हुने फर्मको नाम/ठेगाना | कबोल अंक (मू.अ.कर. र पि एस बाहेक) |
|---|---|---|---|---|
| १ | DPTRM/SBG/NCB/ WORK-५/०८०/०८१ | शारदा स्कुल दक्षिण हरकपुर हुदै लखन्तरी आनन्द चौक सम्मको सडक कालोपत्रे र बालकुमार रोड अशोक बिश्वासको घर देखि पुर्व सिमराहा फिल्ड सम्मको सडक कालोपत्रे धनपालथान-४ | अन्जना निर्माण सेवा, बुढीगंगा मोरङ्ग | रु.३२,९०,९७६।५० |
| २ | DPTRM/SBG/NCB/ WORK-६/०८०/०८१ | नोचा - अमाही सडकको (अमाही खण्ड)कालोपत्रे गर्ने र राजागढ देखि बरियाती जाने सडक कालोपत्रे गर्ने धनपालथान-२ | सरोज कन्स्ट्रक्सन गढी-३ सुनसरी | रु.३७,२१,४००।- |
| ३ | DPTRM/SBG/NCB/ WORK-७/०८०/०८१ | डकुवाडंगा सडक कालोपत्रे गर्ने र रंगेली हुलाकी सहायक राजमार्गको चेका पुल देखि दक्षिण जाने बाटो कालोपत्रे धनपालथान-३ | श्री के.ल.निर्माण सेवा बिराटनगर | रु.७२,३९,१७५।१८ |
| ४ | DPTRM/SBG/NCB/ WORK-८/०८०/०८१ | फुटानी चौक सडक अधुरो कालोपत्रे, कर्सिया-पानी टंकी देखि कालिका आ.बि.हुदै फुटानी चौक सम्मको सडक कालोपत्रे र भंगापुल उत्तर जाने सडक कालोपत्रे धनपालथान-५ | श्री बिराटकालिका/कुश जे.भी.बिराटनगर | रु.५१,४९,९६७।- |
| ५ | DPTRM/SBG/NCB/ WORK-९/०८०/०८१ | मालसिमाना सडक कालोपत्रे र महेन्द्र शर्माको घर देखि दक्षिण जाने सडक कालोपत्रे धनपालथान-६ | श्री एभिएन कन्स्ट्रक्सन सिराहा | रु.६०,४९,४७३।३० |
| ६ | DPTRM/SBG/NCB/ WORK-१०/०८०/०८१ | वडा कार्यालय देखि पश्चिम जहदा गा.पा.वडा नं. ४ को सिमाना सम्मको बाटो कालोपत्रे र कमलपुर टोलको बिश्वनाथ घर देखि पश्चिम कमलपुर आ.बि.सम्मको बाटो कालोपत्रे धनपालथान-७ | श्री शुभ लक्ष्मी निर्माण सेवा बिराटनगर | रु.२७,८६,९१५।- |
| ७ | DPTRM/SBG/NCB/ WORK-११/०८०/०८१ | कदमाहा-नोचा सडकको (नोचा खण्ड)कालोपत्रे गर्ने | अभिषेक ईन्फ्राईष्ट्रचर एण्ड सप्लायर्स गढी-२ सुनसरी | रु.१८,८५,८००।- |
| ८ | DPTRM/SBG/NCB/ WORK-१२/०८०/०८१ | ठनठनिया हनुमान मन्दिर देखि भवानीपुर हुदै पैटा पिपलचोक सम्म सडक स्तरोन्ती तथा कालोपत्रे धनपालथान-२ | आर.सी.सप्लायर्स/अभिषेक जेभी बिराटनगर | रु.८५,५४,८८४।५० |
| ९ | DPTRM/SBG/NCB/ WORK-१३/०८०/०८१ | धनपालथान-४ बेनी आ.बि.देखि गदिया खोला साबिक कदमाहा ३ हुदै धनपालथान-६ पिण्डेश्वर आ.बि.सम्मको सडक कालोपत्रे | अभिषेक ईन्फ्राईष्ट्रचर एण्ड सप्लायर्स गढी-२ सुनसरी | रु.७०,७३,५२०।- |

**प्रमुख प्रशासकीय अधिकृत**

## Bakaiya Rural Muncipality
## Office of Rural Municipal Executive
**Hattisunde, Makawanpur**
**Bagmati Province, Nepal**

### Invitation for Electronic Re-Bid

**Date of publication: Jan 26th 2024 (2080 Magh 12)**

1. **Bakaiya Rural Muncipality, Hattisude, Makwanpur** invites electronic bid from eligible bidders for below mentioned **Procurement of Medicines and Surgical Items for Bakaiya Rural Muncipality** under National Competitive bidding procedures goods as specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Bakaiya Rural Muncipality, Hattisunde Makwanpur, Mob:9855088066, 9845904682 website:bakaiyamun.gov.np*** of office or may visit e-GP system: www.bolpatra. gov.np/egp .
3. Bidding documents is available online and can be downloaded from e-GP system: www. bolpatra. gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
   Name of the Bank: Prabhu Bank, Hattisunde, Makawanpur
   Name of the Office: Bakaiya Rural Muncipality, Hattisunde Makwanpur
   Office Account No.: 2537088849200028 (BAKAIYA GA.PA. ANTARIK RAJASWA KHATA)
   2537088849200128 (BAKAIYA GA.PA. STHANIYA TAHA DHARAUTI KHATA)
4. Bid Submission Deadline: ***12:00 hrs 11 Feb 2024 (2080 Magh 28)***

| Contract ID No. | Name of Works | Estimated Amount NRs.(with VAT ) | Bid Security NRs. | Bid Doc Cost NRs. |
|---|---|---|---|---|
| BRM/NCBG/ 02/2080-081 | Procurement of Medicines and Surgical Items for Bakaiya Rural Municipality | 5,392,428.00 | 160,000.00 | 3000.00 |

5. Other information shall be collected from our PPMO's e-GP system: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**



मध्यान्ह
www.madhyanhadaily.com
१२ माघ २०८०, शुक्रबार
26 January 2024, Friday

## सम्पादकीय

# राष्ट्रिय सभाको गिर्दो गरिमा

बिहीबार सम्पन्न राष्ट्रिय सभाको चुनावमा कोशी प्रदेशबाट अप्रत्यासित नतिजा आएको छ । सत्ता गठबन्धनबाट महिला कोटातर्फ उम्मेद्वार रहेकी चम्पादेवी कार्कीलाई हराउँदै नेकपा एमालेकी रूक्मिणी कोइराला निर्वाचित भइन् । कोइरालाले ५ हजार ८६ मतभार पाएर जित्दा कार्कीले ४ हजार ९९२ मतभार पाइन् । जबकी एमालेसँग ४० प्रदेशसभा सदस्य र ११० जना पालिका पदाधिकारी गरी ४ हजार २१० मतभार थियो । राप्रपासँग गठबन्धन गरेकाले एमालेका उम्मेद्वारले ४ हजार ६०४ मतभार पाउनुपर्ने थियो । तर सत्ता गठबन्धनकै जनप्रतिनिधिले मत दिएकाले एमालेकी कोइरालाले चुनाव जितिन् । दुई वर्ष अगाडि पनि कोशी प्रदेशबाट यस्तै नतिजा आएको थियो । तत्कालीन पाँच दलीय सत्ता गठबन्धनसँग चुनाव जित्न पर्याप्त मतभार भएपनि एमालेका सोनाम ग्याल्जेन शेर्पाले जितेका थिए । त्यही नियति फेरि दोहोरिएको छ ।

कोशीमा सत्ता गठबन्धनले पराजित नै हुनु परेपनि अरू प्रदेशमा समेत मत जोगाउन सकेनन् । तर सत्ता गठबन्धन र एमालेबीचको मतान्तर धेरै भएकाले नतिजा उल्ट्याउने एमालेले सकेको देखिएन । यदि कोशीकै जस्तो सानो अन्तरको प्रतिस्पर्धा रहने हो भने अरूतिर पनि सत्ता गठबन्धनका निम्ति चिन्तायोग्य नतिजा आउने रहेछ । जबकी राष्ट्रियसभाको मतदातादेखि निर्वाचित हुने व्यक्ति समेत आमचुनावजस्तो होइन । यो चुनावको मतदाता आफै जनताबाट निर्वाचित प्रदेशसभा सदस्य र स्थानीय तहका पदाधिकारी हुन्छन् । चुनाव जित्ने व्यक्ति प्रतिनिधिसभा भन्दा भिन्न हुने संवैधानिक भावना हो । तर शीर्ष नेतादेखि प्रदेश र स्थानीय तहका प्रतिनिधिहरूले समेत संवैधानिक भावनाको खुलेआम उल्लङ्घन गरिरहेका छन् ।

सत्ता केन्द्रीत राजनीतिलाई आधार मानेर २०७४ सालदेखि निरन्तर गठबन्धनका आधारमा उम्मेद्वार तय हुने गरेको छ । पार्टी प्रमुखलाई खुसी पार्न सक्ने व्यक्ति दलको उम्मेद्वार हुने र गठबन्धनको मत पाएर राष्ट्रियसभामा पुग्ने प्रवृत्ति मौलाउँदो छ । जसले गर्दा जनाधार कमजोर भएका दलहरूको उपस्थिति बलियो हुने र बलियो जनाधर भएका शक्तिहरू खुम्चिने प्रवृत्ति देखिएको छ । जस्तो- तत्कालीन नेकपा हुँदा राष्ट्रियसभामा नेपाली कांग्रेसको आकार असाध्यै कमजोर थियो । अहिले त्यही हालत एमालेको भइरहेको छ । अर्को दुई वर्षसम्म पनि अहिलेकै गठबन्धन रहेमा राष्ट्रियसभामा एमाले र जनमोर्चाको हैसियत बराबर हुने देखिन्छ । त्यस्तो भयबाट जोगिन एमालेले पनि प्रदेश सांसद र जनप्रतिनिधिलाई आफ्नो पक्षमा उभ्याउन चलखेल गरेको देखिन्छ । यी सबै अभ्यासले राष्ट्रियसभाको गरिमा त जोगाउँदैन नै, सँगै लोकतन्त्र समेत बद्नाम हुन जान्छ ।

# चीनको विकासबाट सिक्नुपर्ने पाठ

अग्रलेख



● डा शेरजंग बहादुर चन्द

नेपाल, चीन र भारत जस्ता ठूला अर्थतन्त्र भएका देशहरूको बिचमा भागौलिक हिसाबले अवस्थित भएता पनि नेपालले यी देशहरूबाट देश विकासका सिद्धान्त खासै सिक्ने प्रयास गरेको देखिँदैन । हामीले विकास गर्न यी देशका विकास सिद्धान्तहरू अध्ययन गर्न पर्ने आवश्यक छ । भारत जस्तै चीन हालको चीन बन्नका लागि कति संघर्ष गर्नुपर्‍यो अलग कुरा हुनसक्छ तर, चीनले जुन स्तरको विकास गरेको छ, त्यसबाट नेपालले धेरै कुरा सिक्नसक्छ । चीन विकासको घटनाक्रम ७५ वर्ष भएको मान्नु पर्छ । सन् १९४९ मा जनवादी गणतन्त्र चीनको स्थापना भएदेखि चीनको विकास सिद्धान्तले धेरै चरण पार गरेको छ ।

**चीनको विकास सिद्धान्तका मुख्य पक्ष**

माओत्से तुङ युग : माओवादले औद्योगिक-ग्रामीण विभाजनलाई पुँजीवादद्वारा शोषण गरिएको प्रमुख विभाजनको रूपमा हेर्छ । माओवादी विचारधाराले कृषि सुधार, कृषिको सामूहिककरण र राज्य नियन्त्रित योजना र कम्युन स्थापनामार्फत औद्योगिकीकरणमा केन्द्रित भएर विकासको क्रान्तिकारी दृष्टिकोणलाई जोड दियो । यस अवधिले चीनको अर्थतन्त्र र समाजलाई द्रुतरूपमा रूपान्तरण गर्ने लक्ष्य राखेको ग्रेट लीप फर्वार्ड र सांस्कृतिक क्रान्ति जस्ता नीतिहरूको कार्यान्वयन गरेको देखियो ।

डेंग साअओपिङ्ग समयः माओपछि चीनमा देङ सियाओपिङको नेतृत्वले व्यवहारिक आर्थिक सुधारहरूको लागि एक परिवर्तन र वैश्विक अर्थव्यवस्थाको लागि पूर्णरूपमा बाटो खोल्यो । यस अवधिले चार आधुनिकीकरण (कृषि, उद्योग, रक्षा र विज्ञान तथा प्रविधि), विकेन्द्रीकरण, र बजार उन्मुख सुधार, विशेष आर्थिक क्षेत्र (सेज) र आर्थिक वृद्धि र विकासलाई अगाडि बढाउन विदेशी लगानीलाई जोड दिएको थियो । जसको परिणाम आज विश्व बजारमा चीनको उपस्थितिले जनाउँछ ।

१९९० पछिको समय : देङपछिका नेताहरू, विशेषगरी जियाङ जेमिन, हु जिन्ताओ र सी जिनपिङले बजार संयन्त्रलाई समाजवादी ढाँचामा एकीकृत गर्दै एकदलीय राजनीतिक व्यवस्था कायम राख्ने कुरामा ध्यान केन्द्रित गरेका थिए र छन् । यस दृष्टिकोणले राज्यको स्वामित्वमा रहेका उद्यमहरू र जीवन्त निजी क्षेत्रको संयोजनको साथ मिश्रित अर्थतन्त्रको नेतृत्व गरेको छ । आज यस सिद्धान्तले 'चिनियाँ विशेषतासहितको समाजवाद'को अवधारणालाई जोड दिन्छ, जसले आर्थिक उदारीकरणलाई कडा राजनीतिक नियन्त्रण राख्नमा सहयोग गर्दछ ।

बेल्ट एण्ड रोड इनिसिएटिभ : २०१३ मा सी जिनपिङद्वारा शुरू गरिएको बिआरआईले पूर्वाधार विकास र व्यापारमार्फत क्षेत्रीय जडान र सहयोग अभिवृद्धि गर्ने लक्ष्य राखेको छ । यस पहलले एशिया, अफ्रिका र युरोपका पूर्वाधार परियोजनाहरूमा लगानी गरेर विश्वव्यापीरूपमा आफ्नो प्रभाव विस्तार गर्ने चीनको महत्वाकांक्षा झल्काउँछ । चीनको यो विकास सिद्धान्त निकै फरक मानिएको छ, जसलाई हाल विश्वभर अनुसरण गर्ने देखिन्छ । यद्दपि, यो सिद्धान्त कति सफल हुन्छ हेर्न बाँकी छ तर, यसले चीनलाई आर्थिक विकासका लागि ठूलो सहयोग गर्दैछ र झन् गर्नेछ ।

दोहोरो परिसंचरण रणनीति : सी जिनपिङद्वारा प्रस्तुत गरिएको यो रणनीतिले बाह्य आर्थिक सम्बन्ध कायम राख्दै आन्तरिक आर्थिक परिसंचरण (घरेलु उपभोग र नवप्रवर्तनलाई बढावा दिने)लाई जोड दिन्छ । यसले आत्मनिर्भरता र प्राविधिक आविष्कारलाई बढावा दिँदै विदेशी बजार र प्रविधिमा निर्भरता कम गर्न खोज्छ । चीन आज यो सिद्धान्तमा अडिक रही विकास गर्दैछ । केन्द्रीय योजना र विचारधारा-संचालित नीतिहरूमा केन्द्रित हुँदै आर्थिक वृद्धि, भूमण्डलीकरण र प्राविधिक विकासलाई जोड दिने थप व्यावहारिक दृष्टिकोणमा केन्द्रित हुँदै चीनको विकास सिद्धान्त महत्वपूर्णरूपमा विकसित भएको छ । कम्युनिष्ट पार्टीको राजनीतिक शक्ति जोगाएर आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य यसको विकास रणनीतिको केन्द्रबिन्दु हो । जुन चीनले बखुबीरूपमा पालना गरेको छ ।

**चीनका विकासमा देखा परिरहेका समस्याहरू**

चीनको द्रुत विकास उल्लेखनीय छ, तर यसले धेरै चुनौतीहरूको सामना पनि गरेको छ ।



*नेपालले चीनको आर्थिक सुधारहरूबाट पाठ सिक्नसक्छ । विशेषगरी विदेशी लगानीका लागि खुला गर्ने नियमहरू/रणनीतिहरू, विशेष आर्थिक क्षेत्रहरू सिर्जना गर्ने र आर्थिक वृद्धि बढाउन पूर्वाधार विकासलाई प्राथमिकता दिने सन्दर्भमा सिक्ने कुरा धेरै छन् । पूर्वाधार विकासको सन्दर्भमा पनि चीनबाट सिकेर नेपालले आर्थिक वृद्धि र क्षेत्रीय एकीकरणका लागि महत्वपूर्ण हुने यातायात र ऊर्जा प्रणाली सुधार गर्न सक्छ ।*

आर्थिक असन्तुलन : चीनमा महत्वपूर्ण अन्तर शहरी-ग्रामीण सम्पत्ति/आम्दानी अन्तर छ । तटवर्ती सहरहरूले तीव्र आर्थिक वृद्धिको अनुभव गरे पनि धेरै अन्तर्देशीय क्षेत्रहरू र ग्रामीण क्षेत्रहरू विकासमा पछाडि छन्, जसले आय, शिक्षामा पहुँच र स्वास्थ्य सेवामा असमानता निम्तियरहेको छ ।

वातावरणीय सरोकारहरू : द्रुत औद्योगीकरण र सहरीकरणले वायु र जल प्रदूषण, वन फँडानी र माटोको क्षय सहित गम्भीर वातावरणीय ह्रास ल्याएको छ । दिगो विकासका लागि यी मुद्दाहरूलाई सन्तुलन गर्न जरुरी छ ।

जनसांख्यिकीय चुनौतीहरू : चीनको बुढो जनसंख्या र एक-बाल नीतिको विरासतले कार्यशक्ति घटेको छ र निर्भरता अनुपात बढेको छ । माग घटिरहेको अवस्था छ । बुढेसकालको जनसंख्यासँग आर्थिक उत्पादकत्व सन्तुलनमा राख्नु स्वास्थ्य सेवा, सामाजिक सुरक्षा र अर्थतन्त्रका लागि महत्वपूर्ण चुनौतीहरू खडा भएको छ ।

ऋण र वित्तीय जोखिमहरू : चीनको द्रुत ऋण विस्तार र लगानीको नेतृत्वमा भएको वृद्धिले सरकार र कर्पोरेट क्षेत्र दुवैमा उच्च स्तरको ऋणको आकार बढेको छ । आर्थिक बृद्धिलाई दिगो राख्दै यो ऋण व्यवस्थापन गर्नु महत्वपूर्ण चुनौती हो । ऋणको मात्र ठूलो भएकोले निजि क्षेत्र धरासायी हुन् सक्ने चुनौती छ ।

सामाजिक स्थायित्व : सहरीकरणले ग्रामीण प्रवासीहरूको ठूलो संख्यामा सहरहरूमा प्रवेश गरेको छ, जसले सामाजिक सेवाहरू, पर्याप्त आवास र समान अवसरहरू प्रदान गर्न चीनलाई चुनौतीहरू सिर्जना गरेको छ । असमानता र ग्रामीण-शहरी विभाजनबाट उत्पन्न सामाजिक तनावलाई सरकारले व्यवस्थापन गर्नुपर्छ, जुन जटिल देखिएको छ ।

टेक्नोलोजिकल इनोभेसन : चीनले टेक्नोलोजीमा महत्त्वपूर्ण प्रगति गरेको छ । त्यहाँ बौद्धिक सम्पत्ति अधिकार, दिगोपन र उत्पादन केन्द्रबाट नवप्रवर्तन-संचालित अर्थतन्त्रमा परिवर्तन गर्नुपर्ने आवश्यकताको बारेमा चिन्ताहरू छन् । यो टेक्निकल चुनौती बढ्न सक्ने अवस्था छ ।

भूराजनीतिक सम्बन्ध : चीनको बढ्दो विश्वव्यापी प्रभावले भूराजनीतिक तनाव बढाउँदैछ, विशेषगरी व्यापार विवाद, क्षेत्रीय दाबी र अन्य प्रमुख शक्तिहरूसँगको सम्बन्धमा । आर्थिक वृद्धिलाई कायम राख्दै यी सम्बन्धहरू व्यवस्थापन गर्नु चीनको लागि महत्त्वपूर्ण चुनौतिको रूपमा हेर्न सकिन्छ ।

राज्य नियन्त्रण बनाम बजार गतिशीलता : बजार अर्थतन्त्रको मागसँग राज्य नियन्त्रणका हालका समाजवादी सिद्धान्तहरूलाई सन्तुलनमा राख्ने चीनलाई निरन्तर चुनौतीहरू रहेका छन् । राज्यको प्रभाव र नियन्त्रण कायम राख्दै बजार दक्षता सुनिश्चित गर्नु चीनलाई सदैब चुनौती हुनसक्छ ।

यी चुनौतिहरूलाई सम्बोधन गर्न वातावरण संरक्षण, सामाजिक कल्याण, आर्थिक पुनर्संरचना, नवप्रवर्तन र अन्तर्राष्ट्रिय सम्बन्धलगायत विभिन्न क्षेत्रहरूमा व्यापक नीति र सुधार आवश्यक छ । यी जटिलताहरूलाई नेभिगेट गर्ने चिनियाँ सरकारको क्षमताले देशको भविष्यको मार्गमा महत्वपूर्ण प्रभाव पार्नेछ ।

**नेपालले सिक्नसक्ने पाठ**

